**समितिबाट आ.व २०७५।०७६ मा सम्पादित मुख्य-मुख्य कार्यहरुः**

समितिको कार्यक्षेत्रभित्र रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय एवं उपभोक्ताको हित सम्बन्धी विषयमा केन्द्रित रही समितिले विभिन्न छलफलहरु गरेको छ । सार्वजनिक चासोका विषयहरु साथै मन्त्रालय, विभाग मार्फत हुनु पर्ने कार्यहरु प्रभावकारी रुपमा सम्पादन गरी मन्त्रालय विभाग र अन्तर्गतका निकायहरुको काम कारवाहीलाई जनताप्रति उत्तरदायी तुल्याउन छलफल, अनुगमन र स्थलगत भ्रमण गरी आवश्यक निर्देशन दिइएको छ । समितिको जिम्मेवारी भित्र रहेको मन्त्रालय, विभाग/कार्यालयहरुका विषयलाई गहन रुपमा हेर्ने गरी विभिन्न उपसमितिहरु गठन गरी ति उपसमितिहरु मार्फत छलफल गर्ने र समस्याहरुलाई सम्बोधन गर्ने कार्यविधि समितिले लिएको थियो।समिति/उप समितिहरुबाट सम्पादन भएका मुख्य निर्देशन तथा कार्यहरु बूँदागत रुपमा देहाय बमोजिम उल्लेख गरिएको छः

**१ उद्योग ,वाणिज्य तथा अपूर्ति मन्त्रालय**

- समृद्ध नेपाल, सुखी नेपाल निर्माणको लागि उद्योग तथा बाणिज्य क्षेत्रको महत्वपूर्ण भुमिका भएको हुदाँ सो क्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन तथा अनुसन्धान गरी समितिले सम्बन्धित निकायलाई निर्देशन तथा ध्यानाकर्षण गराउने कार्य गरेको,
- उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले आगामी दिनमा समितिको कार्य क्षेत्र अन्तर्गत रही औद्योगिक तथा वाणिज्य क्षेत्रमा रहेको विकृति, श्रम, स्वदेशि तथा वैदेशिक रोजगारमा रहेको समस्या लगायत उपभोक्ता हित सम्बन्धमासम्बन्धित निकायहरुलाई ध्यानाकर्षण गराउनुको साथै दशै, तिहार

जस्ता चाडपर्वहरुको मुखमा बजारमा हुनसक्ने अनियमितता, कालो बजारी नियन्त्रणको लागि बजार अनुगमनलाई तीव्रता दिने कार्य गर्न सम्बन्धित मन्त्रालयसंग छलफल गरी निर्देशन दिएको,

- दैनिक उपभोग्य सामानहरु सर्वसुलभ तथा सुपथ मूल्यमा उपलब्ध गराउन बजार अनुगमनमा तीब्रता दिएको, पेट्रोलियम पदार्थको आपूर्तिमा सहजता ल्याउने कार्य गराएको पेट्रोलियम पदार्थको स्वाचालित मूल्य निर्धारण गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको,
- चिनी उद्योगीहरूबाट उखु उत्पादक किसानहरूलाई उखु विक्री वापतको बाँकी रकम समयमा भुक्तानी गर्न नसक्नुको कारणका सम्बन्धमा अनुसन्धान गरी कारवाहीको दायरामा ल्याई उखु किसानहरूलाई बक्यौता रकम तत्काल उपलब्ध गराउने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिने कार्य गरेको ।

- नेपाल सरकारको तर्फबाट भारत, युनाइटेड अरव इमिरेट्स र मलेशियाका लागि राजदूत पदमा नियूक्त हुनु भएका महामहिम राजदूतहरूसँग वैदेशिक व्यापार घाटा कम गर्ने, वैदेशिक लगानी भित्र्याउने, विदेशमा कार्यरत नेपाली कामदारहरूको समस्या समाधान गर्ने लगायतका विषयहरूमा आवश्यकता अनुसार छलफल गरी निर्देशन दिएको,
- विशेष आर्थिक क्षेत्र ऐन २०७३ लाई संशोधान गर्न बनेको विधेयक २०७५ माथि समितिमा संशोधनकर्ता माननीय सदस्यहरु, मन्त्रालयका प्रतिनिधि र सरोकारवालासँग छलफल गरी पारित गर्ने कार्य सम्पन्न गरेको,
- समितिले एल.पि. ग्यास इन्धन आपूर्ति, हवाइ इन्धन रिफ्यूलिङ्ग, इन्धन डि.पो. व्यवस्थापन, पाइप लाइन विस्तार लगायतका विषयहरूमा देखिएका समस्याहरू र समाधानका उपायहरूका सम्बन्धमा छलफल गर्न उद्योग, वाणिज्य तथा

आपूर्ति मन्त्रालयका सचिव र नेपाल आयल निगमका कार्यकारी निर्देशकलाई समितिमा आमन्त्रण गरी सहजता ल्याउन निर्देशन दिएको,

- समितिले सेफगार्डस, एन्टी-डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि संशोधन हाल्नुहुने संशोधनकर्ता माननीय सदस्यहरू र सम्बन्धित निकायका प्रतिनिधिहरूसँग सैद्धान्तिक छलफल गरी पारित गरेको,
- उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक माथि दफावार छलफल गरी पारित गरेको ।

**२ श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ,**

- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन, उद्देश्य, काम, कर्तव्य तथा अधिकार, वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग, वोर्डबाट हालसम्म भएका कार्यहरु लगायत वोर्डका भावी रणनीतिको सम्बन्धमा छलफल गरी सुधारका लागि आवश्यक निर्देशन दिएको,
- श्रम तथा रोजगार विषय सम्पूर्ण नेपालीहरुसँग सम्बन्धित भएको हुFदा उक्त विषयका सम्बन्धमा समितिमा छलफल गरी सो विषयमा आवश्यक अध्ययन तथा अनुसन्धान गरी सहज र मर्यादित बनाउन सम्बन्धित निकायलाई निर्देशन दिएको,
- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, सचिव, वैदेशिक रोजगार प्रवर्द्धन वोर्डका कार्यकारी निर्देशक तथा समितिको सदस्यहरु बीच वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको गठन, उद्देश्य, काम, कर्तव्य तथा अधिकार, वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग, वोर्डबाट हालसम्म भएका कार्यहरु लगायत वोर्डका भावी रणनीतिको सम्बन्धमा छलफल भएको,

- "रोजगारीको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" विभिन्न मितिमा दफावार छलफल गरी तयार गरिएको प्रतिवेदन समितिले पारित गरी प्रतिनिधि सभामा पेश गर ी गरेको ।

**३ उपभोक्ता हित संरक्षण सम्बन्धी विषयहरुः**

- चाडपर्व अगाडि देशका विभिन्न भागहरुमा पर्याप्त मात्रामा सुपथ मूल्य पसलहरु खोली त्यस्ता पसलहरुमा उपभोक्तालाई सुपथ, सस्तो र गुणस्तरीय उपभोग्य सामानहरु उपलब्ध हुने व्यवस्था मिलाउन सम्बन्धित निकायलाई निर्देशन दिएको,

- उपभोक्ता संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न वनेको विधेयक माथि दफावार छलफल गर्नको लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको मन्त्री, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव र विधेयकको सम्बन्धमा संशोधन दर्ता गर्ने माननीय सदस्य समेतसँग आवश्यकता अनुसार छलफल गरी पारित गर्ने कार्य सम्पन्न गरेको,
- उपभोक्तालाई गुणस्तरहीन र अखाद्य वस्तुहरुको उपभोगबाट बचाउनको लागि आयात हुने उपभोग्य वस्तुहरु र नेपालभर विक्री वितरण हुने उपभोग्य वस्तुहरुको गुणस्तर परीक्षण गरेर मात्र विक्री वितरण गर्ने प्रबन्ध मिलाउन निर्देशन दिएको,
- चिया बगानमा कार्यरत श्रमिकहरूको देखिएको समस्या सम्बन्धमा छलफल गरी समाधान गर्न सम्बन्धित निकायलाई निर्देशन दिएको ।